# मर्चवारी गाउँपालिका

## रायपुर, रुपन्देही

**मर्चवारी राजपत्र**

**मर्चवारी गाउँपालिकाद्वारा प्रकाशित**

**पारित मिति : २०८०/०३/०८**

**मर्चवारी गाउँपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका परिचालन, व्यवस्थापन तथा सेवा सुविधा सम्बन्धि कार्यविधि, २०८०**

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

## प्रस्तवाना :

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि आधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसर सिर्जना गर्न जारि भएको राष्ट्रिय स्वास्थ्य नीति,२०७६ को बुँदा नं.६ मा स्वयम् सेवाको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहबाट गर्न निर्देशन गरेको छ। गाउँपालिका क्षेत्रमा मातृ मृत्यु दर,शिशु मृत्यु दर तथा बाल मृत्यु दरमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुको सक्रिय भूमिकालाई उच्च मुल्यांकन गर्दै समुदायमा सचेतना अभिवृद्धि एवं स्वास्थ्य सेवा प्रवाहको लागि महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई उत्प्रेरित गर्नका लागि थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखेकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि मर्चवारी गाउँपालिकाले यो कार्यविधि बनाई जारि गरेको छ।

### परिच्छेद -१

**प्रारम्भिक**

**१.सक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधि को नाम "मर्चवारी गाउँपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका परिचालन,व्यवस्थापन तथा सेवा सुविधा सम्बन्धि कार्यविधि,२०८०" रहने छ ।

(ख) यो कार्यविधि मर्चवारी गाउँपालिका गाउँसभाले पारित गरि स्थानीय राजपत्रमा प्रकाशन भएपछि मिति २०८० श्रावण १ गतेदेखि लागु हुनेछ ।

**२.परिभाषा :**

विषय वा प्रसंग अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"गाउँपालिका" भन्नाले मर्चवारी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख)"कार्यविधि" भन्नाले "मर्चवारी गाउँपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका परिचालन,व्यवस्थापन तथा सेवा सुविधा सम्बन्धि कार्यविधि,२०८०" लाई सम्झनु पर्छ ।

(ग)"गाउँ सभा" भन्नाले मर्चवारी गाउँपालिकाका गाउँसभालाई सम्झनु पर्छ ।

(घ)"माहिला सामुदायिक स्वास्थ्य स्वयंम् सेविका" भन्नाले मर्चवारी गाउँपालिकाभित्र रहेका नियमानुसार छनौट भएका माहिला सामुदायिक स्वास्थ्य स्वयंम् सेविकालाई सम्झनु पर्छ ।

(ङ)" स्वास्थ्य संस्था" भन्नाले मर्चवारी गाउँपालिकामा रहेका आधारभूत अस्पताल,स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई सम्झनु पर्छ ।

मर्चवारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रायपुर रुपन्देही लुम्बिनी प्रदेश,नेपाल

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

(च)"स्वास्थ्य शाखा" भन्नाले मर्चवारी गाउँपालिकामा रहेको स्वास्थ्य शाखालाई सम्झनुपर्छ ।

(छ)"स्वयम सेविका छनौट समिति" भन्नाले नियमानुसार गठन भएको आमा समुहलाई सम्झनु पर्छ ।

(ज)"गाउँ प्रमुख" भन्नाले मर्चवारी गाउँपालिका गाउँ कार्यपालिकाको गाउँ प्रमुखलाई सम्झनुपर्छ ।

(झ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मर्चवारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ञ)"सेवा सुविधा" भन्नाले संघ,प्रदेश र मर्चवारी गाउँपालिकाबाट स्वीकृत भई महिला स्वास्थ्य स्वयम् सेविकालाई प्रदान गर्ने सेवा सुविधालाई सम्झनुपर्छ ।

**३. उद्देश्य :**

(क)महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकालाई सेवा उत्प्रेणा जगाउन ।

(ख)गाउँपालिकाको स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुमा महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई परिचालन गरि निर्धारित समयमै लक्ष्य हासिल गर्न ।

(ग) स्वास्थ्य क्षेत्रमा समुदाय स्तरको उन्नति गरि नियमित स्वास्थ्यको प्रगति प्राप्त गर्न ।

(घ) संघीय,प्रदेशिक तथा गाउँपालिकाले निर्धारण गरेको स्वास्थ्य प्रवर्धन सम्बन्धि लक्ष्य तथा उद्देश्य समयमा हासिल गर्न ।

## परिच्छेद- २

स्वास्थ्य आमा समुह गठन, स्वयम् सेविका छनौट, कार्य विवरण, स्वयम् सेविका विदाई तथा सेवा मुक्त हुने अवस्था सम्बन्धि व्यवस्था

**४. स्वास्थ्य आमा समुह गठन तथा कार्य विवरण :**

आमा समुह गठन तथा छनौट गर्ने देहायका आधारहरु निर्धारण गरेको छ ।

(क) आमा समुह गठनका लागि एउटै टोलका कम्तिमा २५ जना (विवाहित महिला,गर्भवती,बच्चाका आमा र सासुहरु) सहभागी भएको हुनुपर्नेछ ।

(ख) पहिले देखि नै गठन भई संचालन रहेका आमा समूहहरुलाई नियम ४ (क) अनुरुप हुने गरि पुनर संगठन गर्न सकिने छ ।

(ग) सहभागीहारुलाई मध्येबाट सर्व सम्मत रूपमा छनौट १ जना अध्यक्ष,अन्य सहभागी सदस्य रहनेछन । आमा समुहको सदस्य सचिवको काम माहिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाले गर्नेछन ।

मर्चवारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रायपुर रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७४

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

## ५. माहिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका छनौट :

महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका को छनौटमा संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशिका/FCHVs strategy २०७६ र गाउँपालिकाको देहाय बमोजिम को मापदण्ड पुरा भएको हुनुपर्नेछ ।

(क) महिला स्वास्थ्य स्वयम् सेविकाको रूपमा कार्य गर्ने महिला सम्बन्धि वडा र टोल को स्थायी बासिन्दा र आमा समुहको सदस्य हुनुपर्नेछ,

(ख) कम्तिमा ५ वर्ष स्वयम् सेविका भई सेवा गर्न इच्छुक रहेको प्रतिवद्धता गरेको हुनुपर्ने,

(ग)उमेर २१ वर्ष पुरा गरि ४५ वर्ष ननाघेको सम्बन्धित वार्डको महिला हुनुपर्ने,

(घ)निःशुल्क समाज सेवा गर्ने इच्छुक भएको,

(ङ)कम्तिमा एस.एल.सी./एस.ई.ई. उत्तिर्ण गरेको हुनुपर्ने,

(च)राजनीतिमा नलागेको र कुनै पनि राजनीति पदमा बहाल वा लाभ को पदमा बहाल नरहेको हुनुपर्नेछ ,

(छ) सरकारी तथा गैर सरकारी संस्थाको कर्मचारी नभएको हुनुपर्नेछ,

(ज) फौजदारी अभियोगमा कासुरदार नभएको हुनुपर्नेछ,

(झ) मानसिक सन्तुलन ठिक भएको हुनुपर्नेछ,

(ञ) परिवारको मंजुरि हुनपर्नेछ,

(ट)तोकिएको ढाँचामा निवेदन लिई सम्बन्धित आमा समुहबाट छनौट भई स्वास्थ्य संस्थाको सिफारिश भएको हुनुपर्नेछ,

(ठ)सिमान्तकृत,लोपोन्मुख वर्ग तथा सेवा को पहुँचबाट टाढा रहेका महिलालाई प्राथमिकता दिइनेछ र

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

(ड)निवेदकहरु एक भन्दा धेरै भएमा सम्बन्धित वडाको स्वास्थ्य संस्था को प्रमुख र वडा प्रतिनिधि रोहवरमा सेवा क्षेत्रभित्रका आमा समुह मध्येका अधिकतम सदस्यहरुले छानेको महिला स्वास्थ्य स्वायम् सेविका चयन गर्न सकिनेछ ।

## ६.महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका हरुको काम कर्तब्य र जिम्मेवारी :

(क) तोकिएको कार्य क्षेत्रभित्र सम्पूर्ण घरधुरी,उमेर समुहको जनसंख्या,प्रजनन उमेरका महिलाहरुको संख्या लगायत सम्पूर्ण जनसंख्याको लागत विवरण राख्नुपर्नेछ ।

(ख) सम्बन्धित स्वास्थ्य संस्था,वडा र गाउँपालिकाको मतहतमा रही सेवा दिनुपर्नेछ ।

(ग) नेपाल सरकारले तोकेको सम्पूर्ण स्वास्थ्य समबन्धि क्रियाकलापमा सहभागी भई सेवा गर्नुपर्नेछ ।

(घ) गाउँ घर क्लिनिक,खोप क्लिनिक,आमा समुह तथा राष्ट्रिय अभियानहरुमा सहभागी भई सहयोग गर्नुपर्नेछ ।

(ङ) हरेक महिनाको अन्त्यमा आफुले गरेका क्रियाकलापहरुको मासिक प्रगति प्रतिवेदन सम्बन्धित स्वास्थ्य संस्थामा पेश गर्नुपर्नेछ ।

(च) नेपाल सरकारले स्थानीय स्तरमा प्रदान गर्ने स्वास्थ्य सेवा (जस्तै : खोप,२ वर्ष मुनिका बालबालिका वृद्धि तौल अनुगमन, प्रोटोकल अनुसार गर्भ जाँच, प्रोटोकल अनुसार सुत्केरी जाँच,स्वास्थ्य संस्थामा मात्र प्रसुती सेवा लिनमा सहयोग, आइरन चक्की वितरण,आस्थाई परिवार योजनाका साधनहरु वितरण,सामान्य झाडापखाला, रुघाखोकी,ज्वरो जस्ता रोगहरुको सामान्य उपचार तथा घरेलु उपचार,परामर्श तथा प्रेषण तथा नेपाल सरकारले तोकेको सम्पूर्ण स्वास्थ्य कार्यक्रम) हरुलाई निरन्तर रूपमा सेवा प्रवाह गर्नुपर्नेछ ।

(छ) महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकालाई पायक पर्ने गाउँ टोल र आवश्यकता अनुसार खटाउँदा बाधा पर्ने छैन ।

(ज) गाउँ कार्यपालिकाले घरधुरी,जनसंख्या,गाउँ र टोल यकिन गरि महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको संख्या र कार्य क्षेत्र तोक्न सक्नेछ । राष्ट्रिय नीति परिवर्तन

गाउँ कार्यपालिकाको कार्यालय रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

## ७. स्वयम सेविका विदाई सम्बन्धि व्यवस्था :

(क) माहिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको कार्य अवधि उमेर हद ६० वर्षको हुनेछ । यदि कसैले ६० वर्ष को उमेर पछि पनि स्वयम् सेवा गर्न चाहेमा,प्रदेश ,स्थानीय सरकारबाट प्राप्त हुने सेवा सुविधाहरु प्रदान गर्ने छैन ।

(ख) दफा ५ अनुसार छनौट भई कार्यरत रहेका माहिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको देहायको अवस्थामा सेवा बाट विदाई हुनेछन ।

(अ)माहिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका आमा समुह समक्ष सेवा छोडी इच्छा जाहेर गरि राजिनामा दिएमा (कुनै महिला स्वास्थ्य स्वयम सेविका ले कुनै पनि कारणले सेवा गर्न नसकिने भएमा आवश्यक कारण खुलाई समबन्धित आमा समुहमा राजिनामा पेश गर्नुपर्नेछ र स्वास्थ्य संस्थाको स्वास्थ्यकर्मी र स्थानीय जनप्रतिनिधिको सहजीकरणमा स्वास्थ्य आमा समुहले राजिनामा स्वीकृत गरेपछि सेवा मुक्त भएको मानिनेछ),

(आ)६० वर्ष उमेर पुरा भएमा,

(इ)लगातार ३ आमा समुहको बैठकमा विना कारण आमा समुह तथा स्वास्थ्य संस्थालाई जानकारी विना अनुपस्थित भएमा,

(ई)राजनीति एव कुनै पनि सरकारी वा अन्य संस्था को बैतनिक पदमा नियुक्ति वा मनोनयन भएमा

(उ)तोकिएको भौगोलिक क्षेत्रमा ९० प्रतिशत भन्दा कम अवधि बसोबास नगरेको अवस्था रहेमा ।

## ८.पद रित्त हुने अवस्था :

(क) स्वयंम सेविकाको सेवा देहायका आधारमा पद रित्त भएको मानिनेछ ।

- स्वयम् सेविकाको भावना तथा आचरण बमोजिम कार्य नगरेको पाइएमा,
- नेपाल सरकारले गैर कानूनी मानेको कार्यमा संलग्न फौजदारी अभियोग भ्रस्टाचार,अनुसाशनको उल्लङ्घन नैतिक पतन देखिन कार्य गरेमा,

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

- जनप्रतिनिधि भई वा कर्मचारीको रूपमा कही कतै बाट दैनिक ज्यालादारी,करार र स्थाई नियुक्ति लिई सेवा सुविधा तलब स्केलमा रहेको पाइएमा,
- मानसिक सन्तुलन गुमाइएमा,अथवा शारीरिक अशक्तको कारण असमर्थ भएमा,
- बसाई सराई गरि अर्को स्थानमा गएमा,
- स्वयम् सेविकाले गर्ने कामकाजको सेवा सन्तोषजनक नभएको ठहरी आमा समुहको निर्णय सिफारिस भई आएमा,
- स्वयम् सेविकाको भूमिका निर्वाह गर्न अनिच्छुक भई राजिनामा दिएमा,
- मृत्यु भएमा,

(ख) उपदफा क मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्वयम् सेविकाले विना सुचना लगातार तिन महिना सम्म स्वास्थ्य आमा समुहको बैठक नराखेमा (अनुपस्थित भएमा) वा मासिक बैठकमा अनुपस्थित भएमा स्वतः सेवा रद्द हुनेछ ।

## परिच्छेद-३

**सेवा सुविधा सम्बन्धि व्यवस्था :**

९: सेवा तथा सुविधा :

(क)माहिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाले कुनै पनि किसिमको मासिक पारिश्रमिक तलब तथा अन्य सुविधा दावी गर्न पाउने छैन ।

(ख)उपदफा क मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्र तथा प्रदेश सरकारले प्रदान गर्ने सेवा सुविधा माहिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकालाई प्रदान गरेको मासिक यातायात सुविधा, आमा समुहको बैठक संचालन,मासिक बैठकमा उपस्थित भई प्रतिवेदन पेश गरेको,खोप क्लिनिक तथा गाउँ घर क्लिनिक संचालन तथा समुदायमा स्वास्थ्य क्षेत्रको स्तर उन्नति गर्नमा सहयोग जस्ता क्रियाकलाप गरे बापतको यातायात लागत प्रास गर्ने सुविधा बैंक मार्फत उपलब्ध गराईनेछ ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

(ग) स्थानीय सरकारले गाउँ सभाले बजेट विनियोजन गरेको खण्डमा तपसिल बमोजिमका क्रियाकलाप संचालन गरे बापत प्रोत्साहन स्वरूप थप सेवा सुविधा बैंक खाता मार्फत उपलब्ध गराईनेछ ।

(अ) आफ्नो कार्य क्षेत्रमा संचालन हुने खोप केन्द्र,गाउँ घर क्लिनिक,आमा समुहको बैठक संचालन तथा तोकिएको अन्य क्रियाकलापहरुमा आनिवार्य उपस्थित भएर सहयोग गरेको खण्डमा,

(आ) आफ्नो कार्य क्षेत्रमा नियमित खोप लगाउनु पर्ने खोप तालिका अनुसार सबैलाई खोप लगाउन लगाई सुनिश्चित गरेको खण्डमा,

(इ) आफ्नो कार्य क्षेत्रमा दुई वर्ष मुनिका बालबालिकाहरुलाई कम्तिमा १८ पटक तौल वृद्धि अनुगमन गराउनमा सहयोग गरेको हुनुपर्ने,

(ई) प्रोटोकल अनुसार गर्भ जाच,सुत्केरी जाच र सबै प्रसुती हुने महिलाहरुले स्वास्थ्य संस्थामा प्रसुती हुनामा सहयोग गरेको खण्डमा

(उ) परिवार योजनाका अस्थाई तथा स्थाई अपरिपूर्त मागलाई सम्बोधन गरेको खण्डमा र

(ऊ)राष्ट्रिय कार्यक्रमहरुले दिइएको लक्ष्य तथा उद्देश्यलाई हासिल गरेको खण्डमा ।

(घ)केन्द्र,प्रदेश तथा स्थानीय सरकारले बजेट गराईएको खण्डमा उमेर पुगी ६० वर्ष विदाई हुदा स्वयम् सेविकालाई प्रोत्साहन स्वरूप सेवा सुविधा उपलब्ध गराइने छ ।

(ङ)स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन गाउँपालिकाको स्वीकृति लिई कुनै संघ,संस्थाले स्वयम् सेविकालाई प्रोत्साहित गर्ने तथा स्वास्थ्य सम्बन्धि काममा लगाउन सक्नेछ ।

(च)उपदफा ख,ग,घ मा लेखिएको कुराहरुको समबन्धमा अनुसूची-२ अनुसार सेवा सुविधा प्रदान गर्ने छ ।

मर्चवारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रायपुर रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७४

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

(छ)गाउँपालिकाले समय/परिस्थिति अनुकुल स्वयम् सेविकाको सेवा सुविधामा वृद्धि तथा थप गर्दै लाग्नेछ । (जस्तै : सम्मानजनक विदाई,यातायात खर्च,खाजा खर्च,स्वास्थ्य विमा,प्रोत्साहन रकम आदि )

(ज)उपदफा ख,ग,घ मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८ बमोजिम सेवा मुक्त/रद्द भएको अवस्थामा कुनै प्रकारको सेवा सुविधा उपब्ध गराईने छैन ।

## परिच्छेद-३

### विविध

**१०.थप घट,हेरफेर तथा अन्य छुट विषय :**

यस कार्यविधिमा उल्लेख नभएका समावेश नभएका विषयको समबन्धमा गाउँको आवश्यकता प्राथमिकता एवं सन्दर्भ समेतलाई मध्ये नजर गरि मर्चवारी गाउँपालिकाले यस कार्यविधिमा थप घट,हेरफेर तथा संसोधन गर्न सक्छ, र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**११.बाधा अड्काउ फुकाउ :**

यो कार्यविधि कार्यान्वयन क्रममा कुनै बाधा अईपरेमा गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

**१२. संसोधन,बचाउ तथा खारेजी :**

(क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरु,स्थानीय सरकार संचालन ऐन,२०७४ सँग बाँझिएको खण्डमा स्वतः अमान्य हुनेछ ।

(ख) यो कार्यविधि लागु हुनु भन्दा पहिले भए गरेको कामहरु मर्चवारी गाउँपालिका अन्तर्गत संचालित कार्यक्रम यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(ग) मर्चवारी गाउँपालिकाले यस कार्यविधिमा आवश्यक संसोधन तथा थप घट र खारेजी गर्नेछ ।

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रायपुर रुपन्देही
लुम्बिनी प्रदेश,नेपाल
२०७३

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

अनुसूची -१

दफा ६ को उपदफा (झ) संग सम्बन्धित

## महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाले पालना गर्ने आचार संघिता तथा प्रतिवद्धता

(क) स्वयम् सेवी भावले समुदायको स्वास्थ्य अधिकार र पँहुचलाई मूल मन्त्र मानी नैतिकता इमान्दारिता,उच्च मनोबलका साथ कार्य गर्नेछु ।

(ख) आफ्नो सिप र ज्ञानको उपयुक्त रूपमा सदुपयोग गरि विभिन्न स्वास्थ्य कार्यक्रममा संलग्न भई समुदाय स्वास्थ्य सेवाको प्रवर्धन गर्नेछु ।

(ग) आफु सम्बद्ध स्वास्थ्य आमा समूह प्रति इमान्दारी र जवाफदेही तथा प्रतिवद्ध भई पूर्ण रूपमा कार्य गर्नेछु ।

(घ) स्वयम् सेवकको भावना र मर्मलाई कार्यगत रूपमा उतारी समुदायको स्वास्थ्य र भलाईको प्रवर्धन गर्नेछु ।

(ङ) सिकेका ज्ञान र सिपको समुचित प्रयोग गरि जनसमुदायलाई स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिकबाट स्वास्थ्य सेवा लिन उत्प्रेरित तथा स्वास्थ्य प्रवर्धन गर्ने लगाउने छु ।

(च) समुदाय संगको व्यहोरामा सँधै विन्रम रूपमा सहयोगी हुनेछु ।

(छ) सेवाग्राहीको गोपयिनता कायम गर्नेछु ।

(ज) आर्जित ज्ञान र सिपलाई सहि सदुपयोग गरि आमा शिशुको स्वास्थ्य उत्थानमा आफ्नो हिर्दय देखि नै लाग्नेछु ।

(झ) स्वास्थ्य आमा समुहलाई सशक्तिकरण गर्ने तथा स्वास्थ्य सेवा सुदृढ गर्ने यथाशाक्य कोशिष गर्नेछु ।

(ञ) महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका कोष को भवना र मर्म अनुसार यसको दिगोपना र प्रयोगमा सहभागी हुनेछु ।

(ट) समुदाय तथा व्यक्तिको मान्यता र संस्कृतिकलाई कदर गरि पक्षपात रहित सेवा दिनेछु ।

(ठ) स्वास्थ्य क्षेत्रमा संचालित अभियान कार्यक्रममा सक्रिय रूपले सहभागी हुनेछु ।

(ड) महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाले पालना गर्नुपर्ने नीति नियम तथा संघ,प्रदेश,गाउँपालिका अन्तर्गत संचालित कार्यक्रमहरुलाई प्राथमिकता साथ सम्पन्न गर्नेछु ।

(ढ) जात,लिंग,धर्म,रंग,उमेर,भाषा,शरीर असक्षमता राजनीतिक विचार धारा तथा अन्य कुराहरुले मेरो कार्यमा बाधा पर्ने छैन भनि विश्वास दिलाउने छु ।

(ण) सेवा आधारित कार्यक्रमहरु हुदाँ आफ्नो राजनीतिक विश्वास बारे प्रचार प्रसार गर्ने छैन ।

(त) गाउँपालिकाले तोकिएको दफा ९ को उपदफा ग बमोजिमका कामहरु पुरा नगरेको खण्डमा थप सेवा सुविधा एवं प्रोत्साहन रकम दावी गर्ने छैन ।

....................

हस्ताक्षर

स्वास्थ्य संस्था प्रमुख

......................

हस्ताक्षर

महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका

मिति २०८० साल श्रावण ०१ गते सोमवार

मर्चवारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रायपुर रुपन्देही लुम्बिनी प्रदेश,नेपाल २०७३

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

## अनुसूची -२
## दफा ९ को उपदफा ख,ग,घ संग सम्बन्धित
## स्वयम् सेविकाले पाउने सेवा सुविधा

| सि.नं. | क्रियाकलाप | वर्ष/महिना/पटक | दर | कैफियत |
|---|---|---|---|---|
| १. | स्वयम् सेविका सम्मानजनक विदाई | १ पटक | २०,०००।- | संघीय,प्रदेश सरकारले वृद्धि गरेको खण्डमा सोहि बमोजिम |
| २. | पोशाक भत्ता | १ पटक | १००००।- | संघीय,प्रदेश सरकारले वृद्धि गरेको खण्डमा सोहि बमोजिम |
| ३. | मासिक बैठक एवं खोप केन्द्र गाउँघर क्लिनिकको लागि यातायात खर्च | मासिक | १०००।- | संघीय,प्रदेश सरकारले वृद्धि गरेको खण्डमा सोहि बमोजिम |
| ४. | स्वास्थ्य विमा शुल्क तथा नविकरण शुल्क | १ पटक | १७५०।- | गाउँसभाबाट बजेट विनियोजन भईरहेसम्म |
| ५. | दफा ९ को उपदफा ग बमोजिमका कामहरु पुरा गरेको खण्डमा थप सेवा सुविधा(यातायात,संचार तथा खाजा खर्च) | मासिक | ४०००। | गाउँसभाबाट बजेट विनियोजन भईरहेसम्म (चौमासिक रूपमा) |

मर्चवारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रायपुर रुपन्देही लुम्बिनी प्रदेश,नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत
मिन प्रसाद भट्टराई
मर्चवारी गाउँपालिका

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष